# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०९ गते


# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

जिल्ला रुपन्देही, साविक सौ-फर्सीटिकर गा.वि.स. हाल शुद्दोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मानपकडी, रूपन्देहीको प्राविधिक शाखामा कार्यरत इन्जिनियर कपिल अर्याल र सव-इन्जिनियर लक्ष्मण ढुङ्गानाले सेवाग्राहीको पुरानो भवनको नक्सा पास तथा अभिलेखीकरण गरिदिए वापत विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज इन्जिनियर कपिल अर्याल र सव-इन्जिनियर लक्ष्मण ढुङ्गानालाई रु.८०,०००।-(असी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरु इन्जिनियर कपिल अर्याल र सव-इन्जिनियर लक्ष्मण ढुङ्गानाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई जनही बिगो रु.८०,०००।- (असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता